JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १८ गते बुधबार ❑ 31 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## स्पष्टीकरण जवाफ पेश, प्रदेश कमिटी हेरफेर

**रासस**
**काठमाडौं, १७ चैत**

नेकपा (एमाले)का नेता घनश्याम भूषालले पार्टीले सोधेको स्पष्टीकरणको जवाफ पेश गरेका छन् ।

भुषालले पार्टीले सोधेको स्पष्टीकरणको जवाफ पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई लेख्दै मंगलबार पेश गरेको पार्टी मुख्यालयका कार्यालय सचिव ईश्वरी रिजालले जानकारी दिए।

यसअघि पार्टीका नेता माधवकुमार नेपाल र भीम रावलले स्पष्टीकरणको जवाफ दिइसकेका छन् । स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएपछि उनीहरू दुवै जनालाई अध्यक्ष केपी शर्मा ओलीले छ महिनाका लागि पार्टीको साधारण सदस्यबाट निलम्बन गरेका छन् । यही चैत ७ गते बसेको पार्टीको केन्द्रीय कमिटी बैठकले पार्टी विपरीतका गतिविधि गरेको भन्दै भूषालसहित पार्टीका नेता नेपाल, रावल र सुरेन्द्र पाण्डेलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । यही चैत ८ गते महासचिव ईश्वर पोखरेलले पत्र लेख्दै उनीहरू चारै जना नेतालाई पार्टी हितविपरीत गतिविधि गरेको भन्दै एमालेको विधानको दफा ४९ को १, २, ३, ४, ५, ६, ७, ९ र १४ अनुसार कारवाही किन नगर्ने भन्दै स्पष्टीकरण सोधेका थिए । स्पष्टीकरणको जवाफमा भूषालले आफू पार्टी विरोधी गतिविधि नगरेको र नवौं राष्ट्रिय महाधिवेशनको निर्णय र निर्देशन तथा पार्टी विधान र पद्धतिमा रहेको जवाफ पठाएका छन् ।

यस्तै एमालेले प्रदेश कमिटीको जिम्मेवारि हेरफेर गरेको छ । प्रदेश-१ को इन्चार्जमा सुवास नेम्बाङ, सहइन्चार्जमा लालबाबु पण्डित, भानुभक्त ढकाल, शेरधन राई, गुरु बराल, टङ्क आङबोहाङ, राजेन्द्र गौतम तथा प्रदेश अध्यक्षमा देवराज घिमिरे र सचिव विनो ढकाल रहेका छन् ।

यस्तै प्रदेश-२ को इन्जार्च सत्यनारायण मण्डल, सहइन्चार्ज लीला श्रेष्ठ तथा प्रदेश अध्यक्षमा प्रभु साह र सचिव सुमन प्याकुरेल रहेका छन् । यस्तै वागमती प्रदेशमा इन्चार्ज रामवहादुर थापा, सहइन्चार्जमा काशीनाथ अधिकारी, शेरवहादुर तामाङ, कृष्णगोपाल श्रेष्ठ तथा प्रदेश अध्यक्षमा आनन्द पोखरेलरसचिवमाखेमलोहनीरहेका छन् । गण्डकी प्रदेशको इन्चार्जमा पृथ्वीसुब्बा गुरुङ, सहइन्चार्जमा किरण गुरुङ, पदमा अर्याल, लिलबहादुर थापामगर तथा प्रदेश अध्यक्षमा जगत विश्वकर्मा र सचिवमा गोविन्द नेपाली रहेका छन् । लुम्बिनी प्रदेश इन्चार्जमा शङ्कर पोखरेल, सहइन्चार्जमा मणिचन्द्र थापा, दलबहादुर राना, बैजनाथ चौधरी, गिरधारीलाल न्यौपाने तथा प्रदेश अध्यक्षमा लिला गिरी र सचिवमा खेममान खड्का रहेका छन् ।

कर्णाली प्रदेश इन्चार्जमा यामलाल कँडेल, सहइन्चार्जमा लक्ष्मी पोखरेल, गुलावजङ्ग शाह तथा प्रदेश अध्यक्षमा गोरख बोगटी र सचिवमा धर्मराज रेग्मी रहेका छन् ।

यस्तै सुदूरपश्चिम प्रदेशको इन्चार्जमा लेखराज भट्ट, सहइन्चार्जमा गणेश ठगुन्ना र नारदमुनी राना तथा प्रदेश अध्यक्षमा कर्णवहादुर थापा र सचिवमा राजेन्द्रसिंह रावल रहेका छन् ।

## अध्यक्ष दाहालद्धारा पुनरवलोकन निवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

सर्वोच्च अदालतमा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड ' ले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको सम्बन्धमा परेको मुद्दाको फैसला पुनरवलोकन गर्न निवेदन दर्ता गरेका छन् ।

सर्वोच्च अदालतले गत फागुन २३ गते ऋषि कट्टेल अध्यक्ष रहनुभएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पक्षमा तथा तत्कालीन नेकपा (एमाले) र तत्कालीन नेकपा (माओवादी) कानूनी रूपमा अलगअलग पार्टी भएको भनी फैसला सुनाएको थियो । उक्त फैसलाको पुनरवलोकन गर्न मंगलबार अध्यक्ष दाहाल आफैँ सर्वोच्च अदालतमा पुगी पुनरवलोकन निवेदन दर्ता गराएका हुन् ।

"हामीलाई विश्वास छ, देशको राजनीतिक स्थायित्वका निम्ति, शान्ति र समृद्धिको नयाँ अभियानमा नेपाल जाँदैछ", अध्यक्ष प्रचण्डले भने, "यस्तो बेलामा एकताबद्ध भइसकेका दललाई विभाजित गर्नेजस्तो राजनीतिक काम अदालतले गरेकाले त्यसलाई सच्याउने छ भन्ने हामीलाई विश्वास छ।" उनले प्रतिनिधिसभा पुनःस्थापना गर्ने निर्णय स्वागतयोग्य भएको तर गत फागुन २३ गते नेकपाको नाम सम्बन्धमा भएको फैसला भने आफूहरूलाई स्वाभाविक नलागेको उल्लेख गर्दै भने, "फैसला अस्वाभाविक छ, अप्राकृतिक छ र राजनीतिक प्रकृतिको निर्णय भयो भनेर हामीले असहमति जनाएका थियौं, त्यही फैसलालाई पुनरवलोकन गर्नुपर्‍यो भनेर मैले निवेदन दर्ता गराएको छु ।" उक्त पुनरवलोकन निवेदनमाथि सुनुवाइ गर्नका लागि अदालतले निस्सा दिनुपर्ने हुन्छ । उक्त विषयमा पुनरवलोकन दिने वा नदिने भन्ने विषयमा अदालतले पेशी तोकेपछि मात्र थाहा हुनेछ । पुनरवलोकन निवेदनमा गत फागुन २३ गतेको फैसला सर्वोच्च अदालतको यसअघि प्रतिपादित नजिर र सिद्धान्तको प्रतिकूल भई गम्भीर त्रुटिपूर्ण रहेको हुँदा पुनरवलोकन हेरी त्रुटिपूर्ण आदेश बदर गरी संविधानअनुसार इन्साफ दिलाई पाऊँ भनिएको छ।

## निर्वाचनमा जाँदा लोकतन्त्र सङ्कटमा पर्दैन : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १७ चैत**

प्रधानमन्त्री केपी शर्मा मुलुक निर्वाचनमा जाँदा लोकतन्त्रलाई कुनै सङ्कट नपर्ने बताएका छन् ।

रिपोर्टर्स क्लब नेपालको २३औँ वार्षिकोत्सवका अवसरमाम आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले आफूले मध्यावधि निर्वाचन घोषणा गरे पनि अदालतको फैसलाका आधारमा प्रतिनिधिसभा पुनःस्थापना भएकाले आफूले त्यसलाई मानेर अघि बढेको जनाए। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कुनै खतरा नरहेको उल्लेख गर्दै उनले चुनाव गर्दा लोकतन्त्रलाई खतरा कसरी पर्छ भन्ने प्रतिप्रश्न गरे । उनले भने, "प्रतिनिधिसभा विघटनको निर्णयलाई सर्वोच्चले बदर गरिदिएपछि अबको २० महिनामा नियमित प्रक्रियाबाटै पनि चुनाव हुन्छ।

त्यसले कसरी लोकतन्त्रलाई खतरामा पार्छ ?" उनले केही नेताको राजनीतिक सङ्कटमा परेको भए पनि मुलुकलाई सङ्कट नपरेको स्पष्ट गरे। प्रधानमन्त्री ओलीले पुनःस्थापनाको फैसला हुँदा विजययात्रा गर्नेहरुले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकतालाई साविककै अवस्थामा फर्काउने फैसला गर्दा विरोध गरिनु विरोधाभाष भएको प्रतिक्रिया दिए।

एमालेका अध्यक्ष ओलीले मिसन पत्रकारिताका नाममा हुने विकृति रोकिनुपर्ने सुझाव दिँदै क्लबको वार्षिकोत्सवमा शुभकामना दिए।

## अझै तीन दिन मौसम स्थिर रहने, तुवाँलो कायमै

**रासस**
**काठमाडौं, १७ चैत**

आगामी तीन दिनसम्म मौसम स्थिर अवस्थामा रहिरहने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालको धेरै जसो स्थानको वायुमण्डल अझै स्थिर अवस्थामै रहेको छ । यही कारण प्रदूषणका कण छरिन नपाई वायुमण्डलको तल्लो तहमै तैरिन गएको जनाइएको छ । देशको अधिकाश जिल्लाका धेरै ठाँउमा लागिरहेको डढेलोबाट सिर्जित धुवाँका कण वायुमण्ड मै सञ्चित हुन गई असामान्य प्रकारको तुवाँलोको अवस्था आएको विभागले जनाएको छ।

खासगरी राजधानि काठमाडौँलगायतका शहरहरू जहाँ पहिलेदेखि नै प्रदूषणको स्तर सामान्यभन्दा अधिक भएको छ । त्यस्ता ठाँउमा तुवाँलो अत्याधिक भएकाले वायुमण्डलको पारदर्शिता उल्लेखनियरुपले न्यून हुन गई जनजीवन असामान्य हुन गएको बताइएको छ। आगामी तीन दिन मौसम सुधार हुने अवस्था नदेखिएको मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिनुभयो । उहाँका अनुसार मंगलबारबाट पारदर्शिता केही बढ्ने सम्भावना रहेको छ। सोमबार देशको केही स्थानमा फाटफुट वर्षाका साथै हल्का हावा चलेको कारण पारदर्शिता बढेको बताइएको छ । "मौसम पूर्णरूपमा सुधार हुने अवस्था भने तत्काल देखिएको छैन् ।" मौसमविद् नगरकोटीले भन्नुभयो । हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुसमेतको आंशिक प्रभाव रहेको छ । दिउँसो देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भू-भागकै एक-दुई स्थानमा मेघगर्जन, चट्याङ्गसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार मंगलबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ११ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ। त्यस्तै सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम पाँच दशमलव पाँच डिग्री र सबैभन्दा धेरै नेपालगञ्जको अधिकतम तापक्रम ३६ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।

## देउवा र दाहालबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बीच भेटवार्ता भएको छ । सभापति देउवा निवास बुढानिलकण्ठमा मंगलबार अपराह्न भएको भेटवार्तामा उनीहरूबीच मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमबारे छलफल भएको सभापति देउवाका स्वकीय सचिव भानु देउवाले जानकारी दिए।

विघटित प्रतिनिधिसभा सर्वोच्च अदालतले गत फागुन ११ गते पुनःस्थापना गरेपछि र फागुन २३ गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गठनका सम्बन्धमा सर्वोच्चले गरेको निर्णयपछि दलहरूबीच नयाँ सत्ता समीकरणबारे छलफल हुँदै आएको छ।

## सरकार र थारूवान संयुक्त सङ्घर्ष समितिबीच वार्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

सरकार र विभिन्न माग राखेर आन्दोलनरत थारू कल्याणकार ीसभा, थारूहट/थारूवान संयुक्त सङ्घर्ष समिति केन्द्रीय आन्दोलन परिचालन समितिबीच वार्ता भएको छ।

गृहमन्त्री रामबहादुर थापा ' बादल'को संयोजकत्वमा बनेको सरकारी वार्ता टोली र आन्दोलनरत समितिबीच मंगलबार गृह मन्त्रालयमा पहिलो चरणको वार्ता शुरु भएको गृह मन्त्रीका प्रेस संयोजक किरण भट्टराईले जानकारी दिनुभयो । सरकारी वार्ता टोलीमा प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा राजन भट्टराई र पूर्व सांसद भगवती चौधरी सदस्य रहनुभएको छ । यस्तै, थरुहटका तर्फबाट रुक्मीणी चौधरीको संयोजकत्वमा प्रेमलाल चौधरी, पदमनारायण चौधरी, चन्द्रबहादुर चौधरी र प्रभात चौधरी सदस्य हुनुहुन्छ। वार्तामा सङ्घर्ष समितिले सरकारसँग राखेको टिकापुर घटनामा थारू कल्याणकारी सभाका अध्यक्ष धनिराम चौधरी, सांसद रेशम चौधरीलगायत माथि लगाईएको मुद्दा फिर्ता गरिनुपर्ने, आन्दोलनको क्रममा मारिएकालाई सहिद घोषणा गर्नुपर्ने, लोकसेवा आयोगलगायत राज्यका विभिन्न निकायमा थारू समुदायका लागि छुट्टै आरक्षणको व्यवस्थासहितका १९ बुँदे मागमाथि छलफल हुने बताइएको छ।

## मौसम खराबीले सयौँ उडान प्रभावित

**रासस**
**काठमाडौं, १७ चैत**

प्रतिकूल मौसमका कारण पाँच दिनदेखि हवाई उड्डयन क्षेत्र प्रभावित भएको छ । खराब मौसमको सबैभन्दा बढी मार हवाई क्षेत्रले बेहोर्नु परेको छ।

मौसम खराबीले 'भिजिबिलिटी' कम हुँदा मुलुकको एकमात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने आन्तरिकतर्फका अधिकांश उडान प्रभावित भए । मंगलबार पनि कतिपय गन्तव्यको उडान सञ्चालनमा कठिनाइ भएको विमानस्थलले जनाएको छ।

विशेषगरी हेलिकोप्टर कम्पनीको व्यापार बढी प्रभावित भएको छ । तीन दिनका लागि बुकिङ भएका विभिन्न कम्पनीका दैनिक ७० जना यात्रु उडाउने उडान तालिका रहे पनि चार दिनसम्म उडान भएन। यो अवधिमा करीब ४० उडान रद्द भए। यस्तै, १२ भन्दा बढी उद्धार उडान रद्द भएको वायुसेवा सञ्चालक सङ्घ नेपालले जनाएको छ। गोसाइँकुण्डको मात्रै ४० उडान रद्द भएको छ। सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले प्रतिकूल मौसमका कारण हवाई क्षेत्रको उडान प्रभावित भएको र सबैभन्दा बढी असर हेलिकोप्टर कम्पनीमा परेको बताउनुभयो।

काठमाडौँ उपत्यकालगायत देशका विभिन्न स्थानमा शुक्रबारदेखि अचानक देखिएको तुवाँलो र बढेको वायु प्रदूषणले देशभरको जनजीवन प्रभावित भएको छ । वायु प्रदूषणले मानवस्वास्थ्यमा पनि असर गर्ने विज्ञहरूले बताएका छन् । वसन्त यामको मुख्य आरोहणको मौसममा हेलिकोप्टरको व्यापार राम्रो हुन्छ । अघिल्लो वर्ष कोभिड-१९ महामारीका कारण आरोहण नभएपछि प्रभावित बनेको यो व्यवसाय कोभिडपछि विस्तारै गति लिँदै गरेकामा केही दिनदेखिको मौसम खराबीको थप चपेटामा परेको छ। हेलिकोप्टरका ११ कम्पनी रहे पनि १० कम्पनीका ३६ हेलिकोप्टरले सेवा दिँदै आएका छन्। भिजिबिलिटी नहुँदा हेलिकोप्टरमात्र हैन जहाजको उडान पनि प्रभावित भएको छ। प्रवक्ता शर्माका अनुसार हवाईजहाजतर्फ पनि चार दिनसम्म अधिकांश उडान रद्द भए । सोमबारसम्मको तथ्याङ्कमा ट्रङ्क रुटमा बुद्ध एयरको ६५, यती एयरलाइन्सको ४५, श्री एयरलाइन्सको २२, सौर्य एयरलाइन्सको १४ र अन्य एयरलाइन्सको आठ उडान रद्द भएका छन् । यस्तै, स्टल रुटमा पनि करीब ४० उडान रद्द भएको सङ्घका प्रवक्ता शर्माले जानकारी दिनुभयो। अन्तरराष्ट्रिय विमानस्थलमा आन्तरिकतर्फ नियमित उडानमा ४०० उडान हुने गरेका छन् । हवाईजहाजतर्फ नौ कम्पनीका ५० जहाज छन्।

पछिल्लो चार दिनमा आन्तरिकतर्फ सयौँ उडान रद्द भएका छन्। प्रतिकूल मौसमकैबीच विमानस्थलले आन्तरिक र अन्तरराष्ट्रियतर्फ यान्त्रिक पद्धति (आइएफआर) उडान सञ्चालन गरिरहेको छ । अन्तरराष्ट्रिय उडानतर्फ पनि केही उडान प्रभावित भएका छन् । थोरै उडान डाइभर्ट भएका थिए । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको समेत आंशिक प्रभाव रहेको छ। देशको पहाडी भू-भागहरूमा आंशिकदेखि सामान्य बदलीको अवस्था रहेको छ भने बाँकी भू-भागहरूमा मौसम सामान्यतया सफा रहेको छ । अहिले पनि नेपालको आकाशमा बाक्लो तुवाँलो लागेको छ । विभागका वरिष्ठ मौसमविद् राजु प्रधानाङ्गले केही दिनदेखि वायुमण्डलमा देखिएको धुलो र धुवाँका साथै नेपाल तथा भारतका विभिन्न स्थानमा लागेको डढेलोको धुवाँले मौसम बिग्रिएको जानकारी दिनुभयो । अर्का मौसमविद् मञ्जु बासीले डढेलोका कारण वायुमण्डलमा असर परेको र बाक्लो तुवाँलो लागेको बताउनुभयो। अहिले काठमाडौँ उपत्यका पूरै तुवाँलोले ढाकेको र भिजिबिलिटी कम रहेको उहाँले जानकारी दिनुभयो। वन तथा वातावरण मन्त्रालय, वातावरण विभागले यस्तो अवस्थामा सावधानी अपनाउन आग्रह गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१




रक्तदान कार्यक्रमः ६४ औं राष्टिय सहकारी दिवसको अवसरमा प्रारम्भिक सहकारी संस्थाहरुद्धारा आयोजित सामुहिक रक्तदान कार्यक्रम अमरसिंहरचोकमा मंगलवार सम्पन्न भयो । रक्तदानमा उल्लेखनीय सहभागिता रहेको कलष्टर प्रमुख गोविन्द प्रसाद घिमिरेले वताए । वडा नं १३ का वडाअध्यक्ष रामवहादुर कार्कीले कार्यक्रमको उद्घाटन गरेका थिए । फोटो-पोखरापत्र

# बर्मामा भइरहेको मानवता विरुद्ध ध्यानाकर्षण गराउन प्रदर्शन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

म्यानमार (बर्मा) मा जारी हत्या र दमन रोक्न संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायले प्रभावकारी कदम चाल्नुपर्ने मागसहित मंगलबार मानव अधिकार तथा शान्ति समाजले प्रदर्शन गरेको छ।

संयुक्त राष्ट्रसङ्घको नेपालस्थित कार्यालय (यूएनहाउस) पुल्चोक अघि दिउँसो भएको प्रदर्शनमा म्यानमारमा भइरहेको हत्या र दमन रोक्न राष्ट्रसङ्घ र समस्त विश्व एक भएर सामूहिक कदम चाल्न आग्रह गरिएको थियो।

प्रदर्शनमा 'म्यानमार : सैनिक शासन चाहिदैंन', 'मान्छे मार्न पाइदैंन', 'हत्या, दमन बन्द गर', 'लोकतन्त्र बहाली गर', 'राजनीतिक बन्दी रिहा गर', 'मानव अधिकारको सम्मान गर' लेखिएका ब्यानर तथा प्लेकार्ड प्रदर्शन गरिएको थियो।

प्रदर्शनपछि शान्ति समाजका तर्फबाट संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेजलाई लेखिएको ज्ञापनपत्र नेपालस्थित राष्ट्रसङ्घको कार्यालयमार्फत सञ्चार व्यवस्थापक सिम्रिका शर्मालाई बुझाइएको महासचिव रामकृष्ण बरालले जानकारी दिए।

# त्रिदेशीय कप विजेता खेलाडीलाई एन्फाले एक/एक लाख दिने

**रासस**
**काठमाडौं, १७ चैत**

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले त्रिदेशीय फुटबल प्रतियोगिताको उपाधि विजेता नेपाली टोलीका खेलाडीलाई जनही रु एक लाख पुरस्कार दिने घोषणा गरेको छ। एन्फाले मंगलबार विज्ञप्ति जारी गर्दै पुरस्कार दिने घोषणा गरेको हो।

दशरथ रङ्गशालामा सोमबार सम्पन्न फाइनल खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। नेपालका लागि सन्जोक राई र विशाल राईले एक/एक गोल गरेका थिए। बङ्गलादेशका लागि सान्त्वना गोल महबुबुर रहमानले गर्नुभएको थियो। नेपालले ३७ वर्षपछि घरेलु मैदानमा उपाधि जितेको हो। विजेता भएबापत नेपाली टोलीले पाँच हजार अमेरिकी डलर पुरस्कार प्राप्त गर्‍यो भने उपविजेता बङ्गलादेशले तीन हजार डलर पुरस्कार प्राप्त गरेको छ।


## पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## स्वास्थ्य महाशाखा

## कोभिड-१९ RT-PCR परीक्षण सम्बन्धी जानकारी

कोभिड–१९ का लक्षणहरु जस्तै, ज्वरो, खोकी, मांसपेशीको दुखाई, श्वासप्रश्वास कठिनाई आदि देखिएमा कोराना परीक्षण गराउनुपर्दछ, जसले गर्दा हामी समयमै निम्न कार्यहरु गर्न सक्छौं।

- कोभिड- १९ को पहिचान, उपचार र व्यवस्थापन,
- संक्रमितलाई हुनसक्ने सम्भावित जोखिम र जटिलताको पहिचान, व्यवस्थापन तथा न्यूनीकरण,
- संक्रमण रोकथामका लागि आवश्यक सचेतता र साबधानी

पोखरा महानगरपालिकाले RT-PCR परीक्षणका लागि निःशुल्क रुपमा नमुना संकलन गरिरहेको छ।

**नमुना संकलन हुने स्थानहरु:**

| सि.नं. | बार | स्वाब संकलन हुने स्थान |
|---|---|---|
| १. | आइतबार | कृषि तालिम केन्द्र, मालेपाटन |
| २. | मंगलबार | पोखरा मनपा वडा नं. २७ को कार्यालय, लेखनाथ |
| ३. | बिहीबार | प्रदर्शन केन्द्र, नयाँबजार |

यदि तपाई कसैलाई कोभिड–१९ को लक्षण देखिएको शंका लागेमा आ–आफ्नो वडाका स्वास्थ्य संस्थामा जानकारी गराउनुहुन् अनुरोध छ। तपाईहरुलाई स्वास्थ्य संस्था मार्फत परामर्श तथा परीक्षणको लागि सहजीकरण हुनेछ।


# खुल्ला एकल टेबुलटेनिस प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

कास्की जिल्ला टेबुलटेनिस संघको मंगलबार बसेको वैठकले आगामि चैत्र २४ गते (अप्रिल ६, २०२१) विश्व टेबुलटेनिस दिवसको अवसरमा खुल्ला एकल टेबुलटेनिस प्रतियोगिता गर्ने निर्णय गरेको छ।

प्रतियोगिता सम्पन्न गर्नको लागि कार्यक्रम संयोजकमा सचिव फणिन्द्र तिमिल्सिनालाई जिम्मेवारी दिने निर्णय गरिएको छ। कास्की जिल्ला स्तरीय उक्त प्रतियोगितामा १६ वर्ष मुनि र १६ वर्ष माथिको उमेर समुहमा विभाजन गरी खेल खेलाइने छ भने विजेता दुबै तर्फका प्रथम, दितिय र तृतियलाई नगद, मेडल र प्रमाणपत्र प्रदान गरिने तिमिल्सिनाले वताए।

बैठकले तुलसीपुर युथ क्लबको आयोजनामा दाङमा हुन गइरहेको टेबलटेनिस प्रतियोगिताको लागि कास्की जिल्लाबाट सहभागी हुन एक जना अफिसियल र ४ जना खेलाडी छनौट गरेको छ। अफिसियलमा संघका कार्यसमिति सदस्य कृष्ण रानाभाट र खेलाडीहरुमा दिपकराज गिरी, अनिसा गौतम, अंकीता गुरुङ र सुलभ केसी रहेका छन्।

साथै बैठकले २०७८ सालको क्यालेण्डर प्रकाशनको लागि संयोजकमा कृष्ण रानाभाट र सदस्यमा सुरेश केसीलाई जिम्मेवारी प्रदान गरेको छ। सुरेश केसीलाई बैठकले संघको सल्लाहकारमा नियुक्त गरेको छ। संघका अध्यक्ष उत्तम जोशीको अध्यक्षतामा भएको थियो भने संचालन सचिव फणिन्द्र तिमिल्सिनाले गरेका थिए।

# बागलुङ नगरपालिकामा विद्यालय बन्द नहुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

वायु प्रदूषणका कारण सरकारले मङ्गलबारदेखि चार दिन शिक्षण संस्था बन्द गर्ने निर्णय गरे पनि बागलुङ नगरपालिकाले भने शिक्षण संस्था नियमित सञ्चालन गर्नेभएको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सोमवार विज्ञप्ति प्रकाशित गरी मङ्गलबारदेखि चार दिनसम्म शिक्षण संस्था बन्द गर्ने निर्णय भएको जनाएको थियो।

बागलुङ नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले मंगलबार बिहान विज्ञप्ति जारी गरी विद्यालय नियमित रुपमा सञ्चालन गराउन निर्देशन दिएको छ। नगरप्रमुख तथा नगर शिक्षा समिति अध्यक्ष स्तरीय बैठकले उक्त निर्देशन दिएको हो। नगर शिक्षा अधिकारी दण्डपाणी शर्मा द्वारी जारी विज्ञप्तिमा आवश्यक स्वास्थ्य मापदण्ड अपनाएर विद्यालय नियमित रुपमा सञ्चालन गर्न सूचित गरिएको छ।

कोभिडको कारण लामो समय बन्द भएका विद्यालय भर्खर खुलेको र कोभिडको दोर्सो लहरको जोखिम बढेकोले स्वास्थ्य सजगता अपनाएर विद्यालय संचालन गर्ने निर्णय भएको शर्माले जानकारी दिनुभयो।

# शर्माको प्यानलको उम्मेदवारी घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ चैत**

नेपाल पत्रकार महासङ्घको आसन्न केन्द्रीय निर्वाचनका लागि प्रेस चौतारी नेपाललगायत नौ वटा पत्रकारका सङ्गठनले मंगलबार उम्मेदवार घोषणा गरेका छन्।

प्रेस चौतारी नेपाल, प्रेस मञ्च नेपाल, मिडिया नेपाल, जनपत्रकार सङ्गठनलगायत नौ सङ्गठनको प्रगतिशील, समावेशी र राष्ट्रियताप्रति प्रतिबद्ध व्यावसायिक पत्रकारको संयुक्त प्यानलको तर्फबाट मंगलबार आयोजित कार्यक्रममा पत्रकार निर्मला शर्मा अध्यक्ष रहेको पदाधिकारीतर्फका उम्मेदवारी घोषणा गरेको हो।

महासङ्घको वरिष्ठ उपाध्यक्षमा माधवप्रसाद नेपाल, महिला उपाध्यक्षमा दाना केसी सुवेदी, समावेशी उपाध्यक्षमा अवधेश झा, महासचिवमा बालकृष्ण बस्नेतले उम्मेदवारी दिएका छन्। यस्तै खुला सचिवमा रामकृष्ण ज्ञवाली, महिला सचिवमा निमा काफ्ले, मधेशी सचिवमा स्वेता सिन्हा, आदिवासी जनजाति सचिवमा शाहीमान राई, दलित सचिवमा मधु शाही, एशोसियट सचिवमा रामेश्वर कार्की, कोषाध्यक्षमा कृष्णा गिरी र लेखा समितिको संयोजकमा द्वारिका काफ्लेले उम्मेदवारी दिएका छन्। उम्मेदवारी घोषणा कार्यक्रममा अध्यक्ष पदका उम्मेदवार शर्माले महासङ्घलाई श्रमजीवी पत्रकारको सङ्गठन बनाउन महिला नेतृत्व आवश्यक रहेकाले आफूलाई जिताउन आग्रह गरिन। न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष राजेन्द्र अर्यालले श्रमजीवी पक्षका उम्मेदवार शर्मा भएकाले जिताउन अनुरोध गरे।


## भारतीय राजदुतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

## आवश्यकता (Vacancy)

१. भारतीय राजदुतावास पेन्सन वितरण कार्यालय पोखरामा ADM JCO पदको पदपूर्ती (नयाँ भर्ना) गुर्नपर्ने भएकोले ADM JCO पदमको लागि ईच्छुक भू.पू.सैनिक JCO साहेवहरु (अनरेरी लेफ्टीनेन्ट/केप्टेन) ले आफ्नो व्याक्तिगत निवेदन, वायोडाटा, पेन्सन पट्टा र डिस्चार्ज सर्टिफिकेटको छाँयाप्रति, नेपाल नागरिकताको प्रमाण पत्र र डाक्टरद्धारा स्वास्थ्य परीक्षणको प्रमाणपत्र सहित दिनांक ०८ अप्रेल २०२१ तदानुसार २६ चैत्र २०७७ को बेलुका ०४ बजेभित्र यस कार्यालयको email address: oicpok.pokhara@mea.gov.in, Fax no. 061-431240 मा आफ्नो डकुमेन्ट पठाईसक्नु पर्ने छ अथवा यस कार्यालयको प्रशासन शाखामा आफ्नो डकुमेन्ट जम्मा गरी सक्नुपर्ने छ।

| सि.नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| (क) | एडम जे.सी.ओ. (Adm Jco) | ०१ | अनरेरी लेफ्नेिन्ट/केप्टेन |

२. प्राप्त निवेदन र कागजपत्रहरुको आधारमा छनौट भएका उम्मेदवारहरुलाई मात्र टेलिफोन मार्फत अन्तर्वार्ताको लागि बोलाईने छ।

**सम्पर्क नं. ०६१-४३१२०**
**०६१-४३२८०५**

**कार्यालय प्रमुख**
**भारतीय राजदुतावास**
**पेन्सन वितरण कार्यालय, पोखरा**







## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

**सम्पादकीय**

# सामाजिक सुरक्षा भत्ता

नेपाल कम्युनिस्ट पार्टी (एमाले)को अल्पमतको सरकारले शुरु गरेको बृद्ध भत्ता अहिले सामाजिक सुरक्षा भत्ताको रुपमा लिने गरिएको छ । ज्येष्ठ नागरिकलाई मासिक एक सय रुपैयाँबाट शुरु भएको बृद्ध भत्ता अहिले मासिक तीन हजार पुगेको छ । अहिले सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, विधवा, अपांग, लगायतले पाउने गरेका छन । एमालेले २०५१ सालमा शुरु गरेको सामाजिक सुरक्षा भत्ताको नेपाली कांग्रेसले विरोध पनि गर्ने सरकारमा रहँदा कार्यान्वयन पनि गर्ने गरेको छ । चुनावी मुद्दा बनाउन सबै सहमत हुनु एमालेले लिएको नीति सहि रहेछ भन्ने उदाहरण हो ।

अब हुने चुनावमा सामाजिक सुरक्षाको भत्ता बढाउन सबै दललाई बाध्य बनाउने भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले आउँदो साउन १ गतेदेखि लागू हुने गरेर सामाजिक सुरक्षा भत्ता बढ्ने बताएका छन् । मंगलबार काठमाडौंमा आयोजित रिपोटर्स क्लबको कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले सामाजिक सुरक्षाभत्ता बढाउने र सामाजिक सुरक्षा प्रबन्धका क्षेत्रमा गरेका कामको विवरण दिन भ्याएका छन । सामाजिक सुरक्षा भत्ता बढाउँदा विरोध र बढ्न नसकेको बेला किन बढाउन चाहेन भनेर आलोचना गर्ने गरेका हुन । नेकपाको बहुमतको सरकार बनेको बेला शुरुमै सामाजिक सुरक्षा भत्ता पहिलेकै कायम भयो । चुनावी धोषणा पत्रमा उल्लेख भए अनुसारको नभएको ठानेर विरोध गर्ने मसला दिएको थियो ।

'सरकार बनाउने बित्तिकै पहिलो बजेटमा वृद्ध भत्ता किन बढाइएन, यो किन गरिएन, त्यो किन गरिएन भनेर धुम मच्चाइयो । विपक्षीले विरोध गर्ने ठाउँ नदिन सरकारले गत बजेटमै सामाजिक सुरक्षा भत्ताको लागि मुख बढाउने काम भएको छ । सामाजिक सुरक्षाका प्रबन्धका क्षेत्रमा थुप्रो काम भएको जस लिने चाहना लुकेको ओलीले भने, 'अरु पनि सामाजिक सुरक्षाका कामहरु गर्दै जान्छौं । अब पनि साउन १ गतेबाट लागू हुने गरी सामाजिक सुरक्षा भत्ता बढ्छ नै ।'

सामाजिक सुरक्षा भत्ता बढाउँछु भन्दा पनि कसैलाई आपत्ति हुन सक्ने ओलीको भनाइ छ । 'अब कसैलाई आपत्ति लाग्ला । बुढाबुढी पनि हेर्न थाल्यो, अपाङ हेर्न थाल्यो । यो सरकार छिटो हटाउनुपर्‍यो । मान्छेहरुलाई भरैबाट यो छटपटी हुन्छ । निद्रा लाग्दैन,' उनले भने । सरकारले राम्रो काम गर्दागर्दै पनि आलोचना भएको उनको भनाइ थियो । सामाजिक सुरक्षा भत्ताको ब्यवस्था लोककल्याणकारी राज्यको अबधारणा हो । संविधानमा समाजवाद उन्मुख मुलुक भनेको हुँदा अब सबैले लोक कल्याणकारी कार्यक्रम ल्याउन दबाब पर्नेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मन चञ्चल |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : ब्यापारमा लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# थप १६७ मा कोरोना, तीनको मृत्यु

**रासस**
**काठमाडौं, १७ चैत**

पछिल्लो २४ घण्टामा थप १६७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्या दुई लाख ७७ हजार १४७ पुगेको छ ।

थप तीन हजार १४० जनाको पिसीआर परीक्षण गरिएको थियो । हालसम्म पिसीआर परीक्षण गराउनेको सङ्ख्या २२ लाख ६७ हजार ४०८ पुगेको छ । हाल ५३ सङ्क्रमित क्वारेन्टिनमा छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हालसम्म दुई लाख ७२ हजार ७२७ जना कोरोना भाइरसबाट मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर ११५ सङ्क्रमित निको भएर घर फर्किएका छन् । हाल देशभर एक हजार ३९० सक्रिय सङ्क्रमित छन् । नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट तीन जनाको मृत्यु भएको छ । हालसम्म कोरोना भाइरसको सङ्क्रमणबाट तीन हजार ३० जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

# पशुजन्य उत्पादनमा अनुदान पाएपछि कृषकहरू उत्साहित

**पोखरापत्र संवाददाता**
**पर्वत, १७ चैत**

पर्वतको महाशिला गाउँपलिकाले पशुपालन गर्न ईच्छुक कृषकहरूलाई अनुदान दिएपछि यहाँका युवाहरू पशुपालनतर्फ आकर्षित भएका छन् ।

युवालाई स्वरोजगार बनाउने उद्देश्यले गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिन थालेपछि यहाँका कृषक उत्साहित बनेका हुन् । गाउँपालिकाले दूधमा प्रतिलिटर रु १० र खसीबोका उत्पादनमा प्रतिकिलो रु २५ अनुदानको व्यवस्था गरेको छ । गाउँका कुनै पनि कृषकले उत्पादन गरेर निर्यात गर्ने दूध, मासुमा गत वर्षदेखि अनुदानमूलक कार्यक्रम शुरु गरिएको हो । निर्धारित मूल्यमा गाउँपालिकाले प्रोत्साहनस्वरुप अनुदान रकम थप गरेपछि यसतर्फ कृषकको आकर्षणसमेत बढ्दै गएको छ । पालिकाले अहिले स्थानीय महाशिला सामाजिक उद्यमी महिला सहकारी संस्थामार्फत अनुदान वितरण कार्यलाई तीव्रता दिएको छ । महाशिलाका ६ वटै वडाका झण्डै ६४० व्यावसायिक महिला सदस्यहरू रहेको उक्त सहकारी संस्थाका सदस्यहरूले उत्पादन गरेको दूध र खसी, बोकामा गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउँदै आएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो ।

गाउँपालिकाको प्रोत्साहन रकम पाएपछि महिला उद्यमी सहकारी संस्थाले उत्पादनमा अनुदान वितरण गर्दै आएको हो । सहकारीले मासिक ४० देखि ५० वटासम्म खसीबोका बिक्री गर्ने गरेको छ । सदस्यहरूले उत्पादन गरेको खसीबोका सहकारीमार्फत बजारमा बिक्रीको प्रबन्ध मिलाइएको छ । प्रतिकेजी जिउँदो ४५० मा सहकारीले खसीबोका बिक्री गर्ने गरेको छ । यस वर्ष झण्डै ६ हजार ६०० केजी जिउँदो खसीबोका बिक्री गरेको सहकारीले दूध पनि बिक्री गरिरहेको छ । दैनिक एक हजार लिटर दूध बिक्री गरेको सहकारीले दूध उत्पादन बढाउने गरी योजना निर्माण गरेको सहकारी अध्यक्ष कमला कुस्मेलीले जानकारी दिनुभयो । स्थानीय उत्पादन सङ्कलन गरेर एकद्वारा प्रणालीमा बजारीकरण गरिरहेको सहकारीमा अहिले पाँच वटै वडाका १७ वटा महिला समूह आबद्ध भएका छन् । झण्डै दुई करोडको कारोवार गर्ने सहकारी गाउँपालिकाको मुख्य सहकारी भएकाले र सबै अधिकांश सदस्यहरू आबद्ध भएकाले गाउँपालिकाले सोही सहकारीमार्फत अनुदान वितरणको प्रक्रिया अघि बढाएको हो ।

यसबाहेक गाउँपालिकाले व्यावसायिक तरकारी र फलफूल खेती गर्नेहरूलाई समेत आर्थिक तथा प्राविधिक सहयोग गर्दै आएको गाउँपालिकाका प्रवक्ता जीवन उच्चै ठकुरीले जानकारी दिनुभयो ।

# दुई साहित्यकार पुरस्कृत, कृति विमोचित

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ चैत**

धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङले दुई साहित्यकारलाई पुरस्कृत गरेको छ । प्रतिष्ठानमा स्थापित रु १५ हजार राशिको 'काजी रोशन साहित्य पुरस्कार' साहित्यकार डा षडानन्द पौड्याललाई र रु १० हजार राशिको 'बम-सरस्वती स्मृति पुरस्कार' काभ्रेपलाञ्चोकका साहित्यकार सूर्यप्रसाद लाकोजूलाई प्रदान गरिएको हो ।

मंगलबार यहाँ आयोजित समारोहमा धवलागिरि बहुमुखी क्याम्पसका प्रमुख प्रा डा रामप्रसाद उपाध्याय र प्रतिष्ठानका अध्यक्ष काजी रोशनले साहित्यकारद्वयलाई संयुक्त रुपमा नगद, दोसल्ला र पुरस्कारको प्रमाणपत्र प्रदान गर्नुभयो । डा पौड्यालको समालोचनात्मक कृति 'काजी रोशनको काव्य साधना'का लागि सो पुरस्कार प्रदान गरिएको हो । यस्तै भाषा, साहित्यको उन्नयनमा योगदान पुर्‍याएबापत साहित्यकार लाकोजूलाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष रोशनले बताउनुभयो । लाकोजूले प्राप्त गर्नुभएको 'बम-सरस्वती स्मृति पुरस्कार' बागलुङ नगरपालिका-३ मूलपानी घर भई हाल बेल्जियममा रहनुभएका कवि दीपेन्द्र केसीले आफ्ना दिवङ्गत हजुरबुबा र हजुरआमाको स्मृतिमा स्थापना गर्नुभएको हो ।

दुवै पुरस्कार दुई/दुई वर्षको अन्तरमा वितरण गर्ने गरिन्छ । साहित्य रचना र प्रवर्द्धनमा उल्लेख्य योगदान पुर्‍याएका कवि/साहित्यकारलाई पुरस्कृत गर्ने गरिएको प्रतिष्ठानले जनाएको छ । पुरस्कार ग्रहणपछि बोल्दै साहित्यकार डा पौड्यालले पुरस्कारले आफूलाई थप जिम्वेवारीबोध भएको उल्लेख गर्नुभयो ।

साहित्यकार लाकोजूले साहित्यको सेवामा सदा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । सोही समारोहमा कवि राधिका कल्पितको कविता कृति 'बरफका कोइलाहरु'को समेत विमोचन गरिएको थियो । उक्त कृतिमाथि सहप्राध्यापक हरिप्रसाद गौतमले समीक्षात्मक टिप्पणी राख्नुभएको थियो ।

# बार एशोसिएशन तनहुँको अध्यक्षमा सुवेदी

**पोखरापत्र संवाददाता**
**दमौली, १७ चैत**

नेपाल बार एशोसिएशन तनहुँको अध्यक्षमा भानुभक्त सुवेदी सर्वसम्मत चयन हुनुभएको छ । एशोसिएशनको अध्यक्षका लागि पाँच जना आकाङ्क्षी रहे पनि अन्तिममा सुवेदी सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो ।

एशोसिएशनको उपाध्यक्षमा शरणहरि वाग्ले, सचिवमा त्रैलेक्य वाग्ले, सहसचिवमा माधव घिमिरे र कोषाध्यक्षमा हरिमान श्रेष्ठ चयन हुनुभएको छ ।

त्यस्तै सदस्यहरूमा परशुराम गिरी, कृष्णहरि वाग्ले, ऋषिराम पोखरेल, अमृतबहादुर नेपाली, डम्बरदेव हड्खले, शिवराज काफ्ले, हरिशचन्द्र रेग्मी र इन्द्रा थापा चयन हुनुभएको छ ।

पार्षद्मा केशव भट्टराई, त्रिभुवन श्रेष्ठ, यज्ञबहादुर थापा र चन्द्रकान्त वाग्ले चयन हुनुभएको बार एशोसिएसनका पूर्व अध्यक्ष शिवदत्त ढकालले जानकारी दिनुभयो । बार एशोसिएशन तनहुँको गत चैत १३ गते अधिवेशन भए पनि आज कार्य समितिमा सहमति भएको हो ।

## Madi Rural Municipality
## Office of the Rural Municipal Executive
Thumakodanda, Kaski, Gandaki Province, Nepal

### Invitation for Online Sealed Quotation

**Date of publication:- 31/03/2021, Wednesday**

1. The Madi Rural Municipality, Kaski invites electronic sealed quotations only from Nepalese eligible bidders for the construction works as specified below.
2. Eligible Bidders may obtain further information by visiting office at Madi Rural Municipality, Kaski
   Telephone: 9856072600, 9846030102, 9856011886, 9846603035
   madimunkaski@gmail.com, madi.yojana2077@gmail.com
   or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders shall submit their bid electronically and should deposit the cost of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Machhapuchchhre Bank Ltd.
   Name of Office: Madi Rural Municipality, Kaski
   Office Account no: 8301524514729072 Rajaswa Khata (revenue)
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before the date 15-04-2021, Thursday at 12:00 hours. Bids received after this deadline will be rejected. Hardcopy submission is not allowed.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15-04-2021, Thursday at 13:00 hours at the office of Madi Rural Municipality, Kaski.
6. Bids must be valid after bid opening for a period specified below and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of amount specified below, which shall be valid for 30 days beyond the validity
   period of the bid. If the bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account (Dharauti Khata) No. 8301524514729048 at Machhapuchhre Bank Ltd. Madi Branch.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. All the documents stated as mandatory in the bidding document must be submitted along with bidding document. Failing to submit those documents will disqualify the bidder directly and no other verifications shall be done. The Office of the Rural Municipal Executive reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. The name and identification of the contract are as follows:

| S.N. | Contract ID No. | Description of Work | Cost Estimate (Excluding VAT and contingencies and P.S) NRs. | Security Amount NRs. | Bid Validity Period | Bid Document Fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 61/MRM/W/SQ/2077/78 | The Procurement of Renovation Works of Deurali Aama Samuha Building at Madi-3 | 1266092.17 | 40000.00 | 45 days | 1000.00 | SQ |
| 2 | 62/MRM/W/SQ/2077/78 | The Procurement of Construction of Rudi Dovan Simar Road (New Track Opening) | 808974.20 | 25000.00 | 45 days | 1000.00 | SQ |

**Chief Administrative Officer**

# मुस्ताङ जोड्ने सडक थप दुई दिन बन्द

पोखरापत्र संवाददाता
**म्याग्दी, १७ चैत**

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा सिधा यातायात सेवा बन्द हुने समय दुई दिन थपिएको छ। विस्फोटक पदार्थको प्रयोग गरेर स्तरोन्नति र विस्तारको काम गर्न जिल्ला प्रशासन कार्यालय मुस्ताङमा सोमबार बसेको बैठकले चैत १९ गतेसम्म यातायात बन्द गर्ने निर्णय गरेको हो । यसअघि चैत १४ देखि १७ गतेसम्मलाई बेनी-जोमसोम सडकमा सिधा यातायात बन्द गरिएको थियो।

प्रमुख जिल्ला अधिकारी हीरादेवी पौडेलको अध्यक्षतामा बसेको बैठकले तीव्ररूपमा भइरहेको सडक विस्तारको कामलाई पूर्णता दिन दुई दिन समय थप गर्ने निर्णय गरेको बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालय जोमसोमका प्रशासन शाखा प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो । प्रजिअ पौडेलसहित सुरक्षा र आयोजनाका अधिकारीले सडक निर्माणस्थलको स्थलगत निरीक्षण गरेपछि समय थप गर्नुपर्ने निष्कर्ष निकाल्नुभएको हो । उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनाले म्याग्दी र मुस्ताङको सिमानामा पर्ने काभ्रेभिर र कैकुखोला क्षेत्रमा सवारी आवतजावत बन्द गरिएको छ। सडक स्तरोन्नति, बेस बगाउने तथा पहिराका कारण सवारी साधन चल्न नसक्ने र चलाउँदा पनि अत्यन्तै जोखिमयुक्त हुने भएकाले सम्भावित जोखिम र दुर्घटना रोक्न सवारी आवागमन बन्द गर्नुपरेको आयोजनाका सूचना अधिकारी अश्विनीकुमार यादवले बताउनुभयो । सडक बन्द हुने स्थानबाहेकका ठाउँमा भने सवारी चलेका छन्।

यातायात व्यवसायीले सवारी साधन परिवर्तन गरेर गन्तव्यमा पुग्ने व्यवस्था मिलाएका छन् । म्याग्दी र मुस्ताङ खण्डको आन्तरिक यातायात सेवामा भने असर नपर्ने बताइएको छ। बेनी-जोमसोम ७६ किमी सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ । प्याकेज नं २ को काभ्रेभिरमा गत पुस १९ गतेदेखि सडक चौडा गर्न शर्मा-गजुरमुखी जेभीले पहाड काट्ने काम गरिरहेको छ । त्यहाँ एक किलोमिटर ६०० मिटर दूरीमा पहाड काट्नुपर्ने जनाइएको छ । काभ्रेभिर बेनी-जोमसोम सडकको जोखिमयुक्त सडक पनि हो। निर्माण कम्पनीले नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने काम गरिरहेको छ। यस्तै सोही खण्डको थासाङ-४ कैकुमा पटक-पटक बाढीले सडक बगाउने र पहिरो जाने हुँदा सडक अवरुद्ध हुने गर्छ। करिब रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ देखि निमार्ण शुरु भएको हो। एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला सडक ग्राभेल गर्ने काम भइरहेको छ। करिडोरका अनुसार जोमसोम-कोरला सडकको सात प्याकेजमध्ये चार प्याकेजको काम निर्माण सकिएको छ । बेनी-जोमसोम सडकमा ६० प्रतिशत र जोमसोम-कोरला सडकमा ८५ प्रतिशत भौतिक प्रगति भएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ९ पुरानो वडा कार्यालय भवन पछाडिको बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : पुरानो वडा कार्यालय भवन पछाडिको बाटो निर्माण**
**स्थानः पोमनपा वडा नं. ९**
**योजना सम्झौता मिति : २०७७/०९/२३ गते**
**योजना सम्पन्न मिति : २०७७/१२/२३ गते**
**योजनाको कुल लागत : रु. ८,७६,९४५।९७**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ७,००,०००।-**
**जन सहभागितावाट : रु. १,७५,०००।-**
**उपभोक्ता समितिः**
**रोषन मानन्धर-अध्यक्ष**
**प्रभा अधिकारी सुवेदी- सचिव**
**रेखालक्ष्मी बाटाजू अधिकारी- कोषाध्यक्ष**
**वडा सदस्य संयोजकः राममाया मानन्धर**

**पुरानो वडा कार्यालय भवन पछाडिको बाटो निर्माण**
**पोखरा -९ कास्की**

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख नागढुंगादेखि लेकसाईडसम्म जाँदा २०७७/०८/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः पूर्णकला राई**
**विमा लेख नं. १३००८३७८७**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**पोखरा शाखा मोः ९८५६०२९६९७**

## कम्पनी खरिद बिक्री सम्बन्धमा सूचना

ब्यास नगरपालिका वडा नं. १ को छाब्दी बाराही अर्गानिक बहुउद्देश्य फर्म प्रा.लि.को दं. नं. २४३९३०/०७७/०७८ दर्ता मितिः २०७७/०६/१८, स्थायी लेखा नं. ६०९८१६९६५, आन्तरिक राजस्व कार्यालय २०७७/०६/२५ गते दर्ता भएको कम्पनी मिति २०७७/११/१७ मा बिक्री भएको जानकारी गराउँदै। उक्त कम्पनी पार्वती सापकोटा डुमरवाना-८ बारा सिमरले खरिद गरेको हुदाँ यस कम्पनीको चलअचल सम्पत्ती र हिमालयन बैंक पोखरा रामबजार शाखाको जग्गा फराकचौर नक्सा नं. ७/ङ को कि.नं. ५२२, २१२, ९८४, ७१९, २१३, २२, ४१९, ४२३, ५२३, ९८५, ८००, ८०१, ८०२, ८०३ र २०९ र क्षेत्रफल १२० रोपनी भएको जग्गा समेत आठ करोड सात लाख बाहेक अन्य कुनै व्यक्ति, संघसंस्थाको लेना देना भए यस कम्पनी खरीद कर्ताले यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र जानकारी गराउनुहोला अन्यथा खरिद कर्ताको कुनै जवाफदेही नहुने सम्वन्धित सबैलाई जानकारी गराईन्छ।
खरिद कर्ताः पार्वती सापकोटा
डुमरवाना-८, वारा सिमरा, सम्पर्क नं. ९८०७७९१९१४

## शिक्षक आवश्यकता

यस श्री कालिका माध्यमिक विद्यालय रुपा-१ स्यास्त्री, कास्कीका लागि रुपा गाउँपालिकाको २०७७/११/२० को च. नं. ८६८ को पत्र तथा विद्यालय व्यवस्थापन समितिको २०७७/१२/१३ गतेको निर्णय अनुसार तपसिल बमोजिमको शिक्षण सिकाई अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
**पदः मा.वि. शिक्षण सिकाई अनुदान संख्याः १ (एक)**
**विषय – विज्ञान**
**शैक्षिक योग्यताः विज्ञान मूल विषय लिई वी.एड् उत्तीर्ण वा सो सरह**
**आवश्यक कागजातहरुः**
**शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अध्यापन अनुमतिपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरुको १/१ प्रति प्रतिलिपी र हस्तलिखित निवेदन**
**उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको**
**दरखास्त बुझाउने अन्तिम मितिः २०७७/१२/२७ गते (विद्यालय समयभित्र)**
**सम्पर्क मितिः २०७७/१२/२७ गते**
**छनोट प्रक्रियाः लिखित र अन्तरवार्ता**
**परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ।**
**तलब स्केलः सोहि पदका लागि नेपाल सरकारले तोके बमोजिम।**
**दरखास्त दस्तुरः १००० (एक हजार रुपैया मात्र)**
**पुनश्चः रित नपुगी आएका दरखास्त उपर कारवाही गरिने छैन। साथै कम्प्युटर अध्यापन गराउन सक्ने र उपाल्लो योग्यतालाई प्राथमिकता दिइने छ।**
**सम्पर्क नं.: ९८५६०३५३७२, ९८५६०४४९६५**

**श्री कालिका माध्यमिक विद्यालय**
**रूपा गाउँपालिका-१, स्यास्त्री**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्म : २००१/०५/०१**
**स्वर्गारोहण : २०७७/१२/०६**

**स्व. देवमाया कोइराला**

यस समितिका सदस्य शम्भुप्रसाद कोइरालाको धर्मपत्नी एव सदस्यद्धय चेवन प्रसाद कोइराला र देवेन्द्र प्रसाद कोइराल तथा टेकेन्द्र कोइरालाकी ममतामयी माता **देवमाया कोइराला**को निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**बसन्त कुमार लिगल**
**अध्यक्ष तथा**
**गोपालजी मन्दिर सेवा समिति परिवार**
**रामकृष्ण टोल, पोखरा-४**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्म : १९९६/03/१३**
**स्वर्गारोहण : २०७७/१२/०६**

**स्व. हरि प्रसाद पौडेल**

यस नेपाल औषधी थोक व्यवसायी संघ (pdan) गण्डकी प्रदेशका कार्यसमिति सदस्य एवं सगरमाथा मेडिसिन डिष्ट्रिब्यूटर्सका संचालक उर्मिला पौडेलका पिता **हरि प्रसाद पौडेल**को निधनप्रति गहिरो शोक व्यक्त गर्दै आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**रूद्र नारायण मल्ल**
**अध्यक्ष तथा**
**नेपाल औषधी थोक व्यवसायी संघ (pdan)**
**गण्डकी प्रदेश**


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata
BRITISH COUNCIL



**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३





## हार्दिक समवेदना



**जन्म : २००१/०५/०१**
**स्व. देवमाया कोइराला**
**स्वर्गारोहण : २०७७/१२/०६**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य श्री देवका कोइराला, सिमा कोइराला र पुनम कोइरालाको सासुआमा तथा सदस्य देवेन्द्र कोइरालाकी आमा **देवमाया कोइराला** को असामयीक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्झना माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**